नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.............................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८०/८१
चलनी नं.:- च.नं.:-२१५

मिति: २०८०/०५/२४

**छोम्रोङ्ग खोला साना ज.वि.आ को विद्युत उत्पादनको अनुमतिपत्रको दरखास्त बारे।**

श्री घान्द्रुक हाइड्रो प्रा.लि.
बनस्थली ,काठमाण्डौ
९८६२२५३०१७

उपरोक्त विषयमा त्यस कम्पनीबाट पेश भएको छोम्रोङ्ग खोला साना जलविद्युत आयोजनाको विद्युत उत्पादन अनुमतिपत्रको दरखास्त उपर कारवाही हुँदा निम्न उल्लेखित कागजात/विवरणहरु ७ (सात) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०८०/०५/२२ को निर्णयानुसार अनुरोध गरिन्छ ।

१ कम्पनीको अद्यावधिक शेयर लगत अभिलेख (soft copy ,excel file), पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको प्रमाण, कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परिक्षण गरिएको वित्तीय विवरण र प्रस्तुत आयोजनाको उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत) हरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरू ।

२ संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं. र शेयरधनीहरु बीच गरिएको सम्झौता (प्रमाणित प्रतिलिपि )।

३ आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखाङ्कन तथा Coordinate सहितको सक्कल टोपो नक्सा।

४ निर्माण कार्यको विस्तृत तालिका (Construction Schedule) ।

५ स्वीकृत IEE प्रतिवेदन र सोको soft copy ।

६ परियोजनाको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत विवरण स्वीकृत IEE प्रतिवेदन अनुसारको ।

७ आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी ।

८ शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

९ आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धता।

१० विद्युत जडान सम्झौता (कनेक्शन एग्रिमेन्ट) को बहाल म्याद खुल्ने पत्र ।

११ यदि प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए सोको जानकारी र विवरण ।

१२ आयोजनामा लगानी शेयर बराबरको कम्पनीको खुद सम्पति (नेटवर्थ) ,वा सो बराबरको रकम शेयारको रुपमा शेयरधनीहरुले लगानी गर्न सक्ने क्षमता पुष्टि हुने बैंक विवरण (स्टेटमेन्ट ),वा अन्य सम्पति विवरण वा लगानी गर्न इच्छुक व्यक्ति वा संस्थासँग भएको सम्झौता तथा इच्छुक व्यक्ति वा संस्थाको आर्थिक हैसियत पुष्टि हुने प्रमाणित

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

# विद्युत विकास विभाग

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

अनुमतिपत्र महाशाखा
(..............................................................)

पत्र संख्या:- ०८०/८१
चलनी नं.:- २१५

मिति: २०८०/०५/२४

कागजात ,बैंक जमानत (स्टेटमेन्ट)वा अन्य सम्पति विवरण रजिष्टर्ड चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित भएको प्रति र त्यस्तो कागजात प्रमाणित गर्ने चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित कागजात ।

१३ आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेको शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative networth तथा आवश्यकता अनुसार आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयरहोल्डरहरु बीच भएको सम्झौता र कुनै शेयर होल्डरले लिन कबूल गरेको शेयर बराबरको निजको networth नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा equity लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता र networth प्रमाणित गर्ने CA को प्रमाणित विवरणहरु।

१४ Networth सम्बन्धि विवरणहरु विभागको website मा राखिएको ढाचाँ अनुसार ।

१५ आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन र Design Drawing को soft copy ।

(पुनम पाण्डे)
इन्जिनियर